# जलवायु परिवर्तनको विषय स्थानीय निर्वाचनको मुद्दा बन्न किन जरुरी ?

*नागरिक सङ्घ/संस्थाहरूको राजनीतिक दलहरूलाई सुझाव*

## पृष्ठभूमि

जलवायु परिवर्तन विश्वव्यापी मुद्दा भए तापनि यसको समाधानका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय तहको संयुक्त प्रयास जरुरी छ । नेपालमा सङ्घीय सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति, राष्ट्रिय अनुकूलन कार्यक्रम, राष्ट्रिय निर्धारित योगदान, जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना जस्ता नीतिगत दस्ताबेजहरू तयार गरिसकेको छ । यी नीति कार्यान्वयनमा सङ्घीय सरकार सँगसँगै प्रदेश र स्थानीय सरकारहरूको भूमिका र योगदान महत्वपूर्ण रहन्छ । १५औं योजनाको देश विकासको 'समृद्ध नेपाल, सुखी नेपाली' को दीर्घकालीन सोच र लक्ष्यहरू प्राप्त गर्न स्थानीय सरकारहरूले आर्थिक वृद्धि, सामाजिक रूपान्तरण र वातावरणीय सन्तुलनलाई मुख्य आधार बनाइ दिगो र उत्थानशील विकासका लागि जलवायु अनुकूलन र कार्बन न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू गर्न जरुरी छ ।

जलवायु परिवर्तनसम्बन्धी थुप्रै विषय स्थानीय सरकारसँग जोडिएको भए तापनि नीतिगत अस्पष्टता, संस्थागत संरचनाको अभाव तथा ज्ञान र सिपको कमीका कारण स्थानीय सरकारहरूले जलवायु परिवर्तनका विषयमा ठोस काम गर्न सकिरहेका छैनन् ।

जलवायुमैत्री विकास अवधारणालाई स्थानीय सरकारसम्म पुऱ्याउन र पालिकालाई जलवायु परिवर्तन कार्यमा अग्रसर बनाउन राजनीतिक तहबाटै यो विषयमा नेतृत्व लिनुपर्ने देखिन्छ । आउँदो स्थानीय निर्वाचनका सन्दर्भमा सबै राजनीतिक दलहरूलाई जलवायु परिवर्तनमा सरोकार राख्ने सङ्घ/संस्थाहरूका तर्फबाट, जलवायु परिवर्तनसम्बन्धी सम्बोधन गर्नुपर्ने विषयहरू समेटेको साझा सुझाव यस दस्ताबेजमा समेटिएको छ ।

## स्थानीय सरकारको भूमिका किन ?

संवैधानिक र कानुनी व्यवस्थाअनुसार जलवायु परिवर्तनसँग सम्बन्धित थुप्रै क्षेत्र स्थानीय सरकारको अधिकारअन्तर्गत छ । यी क्षेत्रमा स्थानीय सरकारले आफ्नो नीति, योजना तथा कार्यक्रमअनुरूप काम गर्दा जलवायु परिवर्तनका विषयहरूलाई पनि सँगसँगै जलवायु अनुकूलन र कार्बन न्यूनीकरणका कार्यहरूलाई पनि सम्बोधन गर्दै लानुपर्ने हुन्छ ।

बाढी, पहिरो, हिमपहिरो, खडेरी, डुबान जस्ता जलवायुजन्य विपद्हरूबाट जनधनको हानि तथा नोक्सानी (loss and damage) हुने गरेको छ । जनतासँग प्रत्यक्ष र नजिकबाट काम गर्ने स्थानीय सरकारले यस्ता विपद्बाट आफ्ना नागरिकलाई सुरक्षित राख्न अग्रपङ्तिमा काम गर्नुपर्ने हुन्छ ।

जलवायुजन्य विपद्का कारण भौतिक पूर्वाधार र विकास निर्माणका काम जोखिममा परेका छन् । त्यसैले विकास निर्माणका कामलाई दिगो बनाउन स्थानीय सरकारले जलवायु परिवर्तनका विषयमा काम गर्नुपर्ने हुन्छ ।

## स्थानीय सरकारले के गर्ने ?

स्थानीय सरकारले जलवायु परिवर्तन विषयमा थुप्रै काम गर्न सक्छ । जलवायु परिवर्तनसँग सम्बन्धित नीति, नियम र योजनाहरू लागु गर्ने, जलवायुमैत्री विकासका लागि अनुकूलन र कार्बन न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने र ती कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोत/साधनको व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारहरूको रहन्छ । यी जिम्मेवारीसँग सम्बन्धित मुख्य काम निम्नानुसार छन् :

### नीति र योजनाहरू सम्बन्धमा

- पालिकाको परिवेश सुहाउँदो **जलवायु नीति** तयार गरी लागु गर्ने ।
- ७५३ वटै पालिकामा **जलवायु उत्थानशील अनुकूलन कार्यक्रम (लापा)** बनाइ कार्यावन्यन गर्नुपर्ने ।
- स्वच्छ र सफा ऊर्जा प्रबर्द्धन गर्न सबै पालिकामा **ऊर्जा योजना** तयार गरी लागु गर्ने ।
- जलवायुजन्य विपद् जोखिम क्षेत्रहरू पहिचान गर्न पालिकाहरूमा **भूउपयोग योजना** तयार गरी लागु गर्ने ।
- **लैङ्गिकता र सामाजिक समावेशिताका** सिद्धान्तका आधारमा जलवायु नीति योजनाहरू निर्माण र कार्यावन्यन गर्ने ।

### जलवायु अनुकूलन र विपद् न्यूनीकरण सम्बन्धमा

- **'अबको कृषि आधुनिक र जलवायुमैत्री कृषि'** कार्यक्रमअनुसार कृषि क्षेत्रमा जलवायु परिवर्तनको जोखिम कम गर्न पानी किफायती सिँचाइ प्रविधिहरू प्रबर्द्धन गर्ने ।
- **'एक पालिका, एक बिउ भण्डार'** कार्यक्रम सञ्चालन गरी स्थानीय प्रजातिका बिउको संरक्षण गर्ने ।
- **कृषि तथा पशु बिमा** कार्यक्रमलाई थप प्रोत्साहन गर्नुपर्ने ।
- जैविक (organic) कृषि उत्पादन प्रबर्द्धनका लागि **'एक पालिका, एक हाट बजार'** र **'एक घर एक करेसाबारी'** कार्यक्रम ।
- **पानीका स्रोत संरक्षणका** लागि स्थानीय परिवेशअनुसार भूमिगत पानी भण्डारण, आकाशे पानी सञ्चय गर्न पोखरी निर्माण, ढुङ्गेधारा, मूल पानी, सिमसार व्यवस्थापन आदि क्रियाकलापलाई प्रोत्साहन गर्ने ।
- **'हाम्रो पालिका, सुरक्षित पालिका'** कार्यक्रममार्फत जलवायुजन्य विपद् पूर्वतयारीका कामहरूलाई ७५३ वटै पालिकामा लागु गर्ने ।
- **'हिमाल र हिमाली जीवन जोगाऔँ'** अभियानअन्तर्गत हिमाली क्षेत्रका पालिकाहरूले परिस्थितीय अनुकूलन (ecosystem based adaptation) कार्यक्रम सञ्चालन गर्ने ।

## कार्बन न्यूनीकरण र स्वच्छ ऊर्जा सम्बन्धमा

- **'उज्यालो पालिका'** को अवधारणासहित ७५३ वटै पालिकामा साना जलविद्युत् र सौर्य जस्ता स्वच्छ ऊर्जा उत्पादनका परियोजनाहरू (१ किलोवाटसम्म) लागु गर्ने ।
- **'धुवाँरहित गाउँ' को** अवधारणासहित जैविक र खनिज इन्धनको प्रयोग निरुत्साहित गर्ने ।
- **'आधुनिक भान्छा विद्युतीय भान्छा'** को अवधारणासहित ७५३ वटै पालिकामा **विद्युतीय चुलोका** कार्यक्रमहरू प्रबर्द्धन गर्ने ।
- **'जीविकोपार्जनका लागि ऊर्जा कार्यक्रम' मा** महिला र युवा लक्षित कृषि र साना तथा घरेलु उद्योगको विकासका लागि सहुलियत दरमा ऊर्जाका कार्यक्रमहरू लागु गर्ने ।
- **'मेरो गाउँ इको (eco) गाउँ'** अवधारणाअन्तर्गत देशका सबै गाउँमा स्वच्छ र नवीकरणीय ऊर्जाको पहुँच र प्रबर्द्धन गर्न अभियान लागु गर्ने ।
- **'स्वास्थ्य र शिक्षालाई ऊर्जा कार्यक्रम'** अन्तर्गत ७५३ वटै पालिकाका हरेक घरलाई स्वच्छ र नवीकरणीय ऊर्जाको पहुँचसँग जोड्ने अभियान लागु गर्ने ।
- **'फोहोरबाट ऊर्जा'** कार्यक्रम अन्तर्गत हरित गृह ग्यास उत्सर्जन कम गर्ने प्रविधिको फोहोरमैला व्यवस्थापन विधि प्रयोग गरिनुपर्ने ।
- न्यूनतम ४५ प्रतिशत वन क्षेत्रको राष्ट्रिय लक्ष्य पूरा गर्न हरेक पालिकामा **वन संरक्षणका** कार्यक्रमहरू लागु गर्ने ।

## जलवायुमैत्री विकास सम्बन्धमा

- ग्रामीण र शहरी बस्ती विकास र भौतिक पूर्वाधार निर्माण गर्दा जलवायुजन्य जोखिम पहिचान गर्न मापदण्डहरू विकास र कार्यावन्यन गर्ने ।
- जलवायु अनुकूलन र कार्बन न्यूनीकरणका क्रियाकलापहरूलाई पालिकाको वार्षिक योजना, कार्यक्रम र बजेटमार्फत कार्यान्वयन गर्ने ।

## नगरपालिका सम्बन्धमा

- खुला ठाउँ र पार्कहरू निर्माण गरी नगर क्षेत्रमा हरियाली प्रबर्द्धन गर्ने ।
- पिउने पानीको सङ्कट कम गर्न आकाशे पानी सङ्कलन र पुनर्भरणका योजना लागु गर्ने ।
- शहरी यातायातलाई सुरक्षित र सहज बनाउन सडकमा साइकल लेन र सडकपेटीको व्यवस्था गरिनुपर्ने ।
- काठमाडौं र अन्य ठूला नगरपालिकामा वायु प्रदूषण कम गर्न विद्युतीय यातायात र सार्वजनिक यातायात प्रबर्द्धन गर्न ठोस कदम लिने ।
- धुलो र धुवाँरहित पालिकाका लागि प्रदूषण अनुगमन संयन्त्र स्थापना गर्ने ।
- नदी किनारालाई हरित क्षेत्र घोषणा गरी पार्क निर्माण तथा हरियाली प्रबर्द्धनका कार्यक्रमहरू लागु गर्ने।

## अन्य

- जलवायु परिवर्तनसम्बन्धी कार्यहरू गर्न पालिकामा **संस्थागत संरचनाहरू स्थापना** गर्ने ।
- माध्यमिक तहका **विद्यालय शिक्षामा जलवायु परिवर्तनका विषयहरू समावेश** गराइ पठनपाठन गर्नुपर्ने ।
- पालिकामा **युवा लक्षित जलवायु स्रोत केन्द्र र व्यक्तिहरू** तयार गरी परिचालन गर्ने ।

**अन्त्यमा,** जलवायु परिवर्तनसँग सम्बन्धित कार्यहरूलाई स्थानीय सरकारहरूसँग सहकार्य र समन्वय गर्ने प्रतिबद्धतासहित तल उल्लिखित सङ्घ/संस्थाहरू सबै राजनीतिक दललाई आउँदो स्थानीय चुनावमा माथि उल्लेख सुझाव आफ्नो पार्टीको घोषणापत्रमा समावेश गर्न अनुरोध गर्दछौं । साथै यी सुझाव कार्यान्वयन गरी जलवायु कार्यको स्थानीयकरण र जलवायु उत्थानशील पालिका बनाउने अभियानमा ऐक्यबद्धताका लागि हार्दिक अनुरोध गर्दछौं ।

१. प्रकृति रिसोर्सेस सेन्टर
२. कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (KIRDARC)
३. स्वच्छ ऊर्जा नेपाल
४.जलवायुका लागि नेपाली युवाहरूको सञ्जाल
५. प्रज्ञासिड नेपाल
६. जनताको लागि ऊर्जा तथा वातावरण विकास संस्था (PEEDA)
७.महिला संवाद मञ्च
८.मानव अधिकार चलचित्र केन्द्र
९.दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल

१०.आदिवासी महिला कानुनी सचेतना समूह
११.Alliance for Social Dialogue
१२.Paropakar Primary Health Care Centre
१३.उन्नति
१४.Jagriti Child and Youth Concern Nepal (JCYCN)
१५.Nepal Climate Change Federation
१६.Mahadev Community Development Center
१७.महिला वातावरण संरक्षण समिति (WEPCO)
१८.न्यायका लागि द्वन्द्वपीडित समाज, नेपाल (CVSJ)-Nepal
१९.राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला सङ्घ नेपाल (NIDWAN)
२०.Beyond Beijing Committee, Nepal
२१.South Asia Partnership Nepal (SAP)
२२.Nepal Development Society
२३.Pioneer Architect & Consulting Engineer's (P) Ltd.
२४.Water and Energy Consultant Association
२५.Group of Helping Hands (SAHAS) Nepal
२६.दलित महिला सङ्घ (FEDO)
२७.महिला सुरक्षा दबाब समूह
२८.WINROCK INTERNATIONAL
२९. Dalit NGO Federation of Nepal
३०.Sankalpa Community Based Rehabilitation- Nepal

---

## थप जानकारीका लागि सम्पर्क :

**१. प्रवीनमान सिंह**
कार्यक्रम निर्देशक
प्रकृति रिसोर्सेस सेन्टर
prabin@prc.org.np
९८५११५००७४

**२. गीता पाण्डे**
पैरवी प्रबन्धक (वातावरण र जलवायु परिवर्तन)
कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र
gpandey@kirdarc.org
९८४१५४१५९१